का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ५५
- २४ चैत्र २०७६, सोमबार
- 6 April 2020, Monday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**विश्वभर** संक्रमित १२ लाख | निको भएको दुई लाख ५० हजार | मृत्यु भएको ६५ हजार | उपचारत नौ लाख

**अपडेट: आइतबार साँझसम्म**

**नेपालमा** संक्रमित ९ जना | निको भएको १ जना | परीक्षण गरिएको १५२१ | आइसोलेसनमा ६९

# अल्मलियो नेकपा

**कोरोना महामारीको प्रकोप रोकथामका लागि २५ चैतसम्म लकडाउन घोषणा गरेको सरकारले स्वास्थ्य सामग्री खरीदमा विवादित बनेपछि सत्तारूढ नेकपामा पार्टी बैठक बोलाउन दबाव बढेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ चैत

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का प्रवक्ता नारायणकाजी श्रेष्ठले शनिबार सामाजिक सञ्जाल मार्फत् नै सचिवालय बैठकको माग राखे । मन्त्रिपरिषद र कोरोना रोकथाम, उपचार तथा नियन्त्रण उच्च स्तरीय समितिको बैठक बसिरहेका भए पनि सचिवालय बैठकको आवश्यकता रहेको प्रवक्ता श्रेष्ठले उल्लेख गरेका छन् । प्रचार विभाग प्रमुख रहेका श्रेष्ठले पार्टी बैठकको माग गर्नुमा भने कोरोना रोकथाम प्रयासका क्रममा स्वास्थ्य सामग्री खरीद प्रक्रियामा सरकार विवादित बन्नु रहेको देखिन्छ ।

चैत १७ गते स्वास्थ्य मन्त्रालय र ओम्नी कम्पनी बीच सामग्री खरीदबारे भएको सम्झौता भंग गरी नेपाली सेनालाई चीनबाट सामग्री खरीद गर्ने जिम्मेवारी दिइएको थियो । तर, सेनालाई सामग्री खरीदको ठेक्का दिने निर्णयप्रति नेकपाभित्रै असन्तुष्टि बढेको छ । त्यसैले प्रवक्ता श्रेष्ठ सहित नेकपाका नेताहरुले सचिवालय बैठक माग गरेका हुन् । "स्वास्थ्य सामग्री खरीद प्रक्रिया मात्रै नभएर कोरोना महामारी रोकथामका समग्र विषयमा छलफल गर्न जरुरी छ", उनले भने । प्रवक्ता श्रेष्ठले बैठक बोलाउने बारे अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओली र अर्का अध्यक्ष पुष्पकमल दाहालसँग समेत छलफल गरेका थिए । त्यसैअनुसार, अध्यक्ष ओलीले शनिबार नै सचिवालय बैठक बोलाउने बताएका थिए ।

तर, प्रधानमन्त्री ओलीले शनिबार सचिवालय बैठक बोलाएनन् । बरु, प्रधानमन्त्री ओलीले मन्त्रिपरिषदको आकस्मिक बैठक बोलाए लकडाउनमा थप कडाई गर्ने लगायत केही निर्णय गराए । बरिष्ठ नेताहरु नै सरकारमा नरहेकाले पनि सचिवालय बैठक बोलाउन माग गरेका छन् । ९ सदस्यीय सचिवालयमा प्रधानमन्त्री ओली, उपप्रधानमन्त्री ईश्वर पोखरेल र गृहमन्त्री रामबहादुर थापा मात्रै सचिवालय सदस्य हुन् । त्यसबाहेक अध्यक्ष दाहाल, बरिष्ठ नेताद्वय झलनाथ खनाल र माधवकुमार नेपाल, उपाध्यक्ष वामदेब गौतम, प्रवक्ता श्रेष्ठ र महासचिव बिष्णुप्रसाद पौडेल सरकारमा छैनन् ।

स्थायी कमिटी सदस्य हरिबोल गजुरेल केन्द्रीय कमिटी र स्थायी कमिटी बैठक बोलाउन माग नगरिएको तर, सचिवालय बस्न आवश्यक रहेको बताउँछन् । उनले भने, "पार्टी र सरकार बीच समन्वय हुँदा यो महामारी रोक्न विकल्पबारे छलफलमै सजिलो हुन्छ । नेकपा जस्तो कार्यकर्तामा आधारित पार्टीमा यो जरुरी हो ।" नेकपाका शीर्ष नेताहरुले नै सरकारले गरिरहेको कामबारे जानकारी नहुने अवस्था भएकाले पनि सचिवालय बैठक आवश्यक रहेको नेकपाका नेताहरुले बताउँदै आएका छन् ।

नेकपाका अर्का स्थायी कमिटी सदस्य सुरेन्द्र पाण्डे आपतकालीन् अवस्थामा सत्तारुढ पार्टीका नेतृत्व छलफलमा बस्नु आवश्यक पर्ने बताउँछन् । स्वास्थ्य बाँकी पृष्ठ २ मा




जारी लकडाउनमा सुनसान काठमाडौं सहर र कोरोना महामारी रोकथामका लागि आकाशे पुलमा टाँगिएको जानकारी मूलक व्यानर

## देउवाको पहल

**काठमाडौं/मस–** कोरोना महामारी रोकथाममा सरकारको भूमिका प्रभावकारी नभएको प्रतिक्रिया दिएको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पूर्व प्रधानमन्त्रीहरुसँग सम्वाद गरेका छन् । आइतबार सभापति देउवाले पूर्व प्रधानमन्त्रीहरुसँग टेलिफोन सम्वाद गरेका हुन् । सभापति देउवाले महामारी नियन्त्रणबारे रणनीति तय गर्न पूर्व प्रधानमन्त्रीहरुसँग सम्वाद गरेको उनका स्वकीय सचिव भानु देउवाले बताए ।

सभापति देउवाले पूर्व प्रधानमन्त्री एवम् सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल, नेकपाकै बरिष्ठ नेता एवम् पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल, नेकपाकै बरिष्ठ नेता एवम् पूर्व प्रधानमन्त्री झलनाथ खनाल, पूर्व प्रधानमन्त्री डा.बाबुराम भट्टराई, पूर्व प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द तथा मन्त्रिपरिषदका अध्यक्ष खिलराज रेग्मीसँग टेलिफोन सम्वाद गरेका छन् ।

कोरोना संक्रमणको महामारीबाट देशलाई जोगाउ गम्भीर भएर अगाडि बढ्नेबारे छलफल भएको सभापति देउवा निकट स्रोतले जनाएको छ । सभापति देउवाले सबै पूर्व प्रधानमन्त्रीहरुलाई चाँडै बैठक बसेर बिस्तृत छलफल गर्ने गृहकार्य समेत अगाडि बढाएका छन् । यसअगाडि नेपाली काँग्रेसले वक्तव्य मार्फत् सरकारले प्रभावकारी कदम चाल्न नसकेको प्रतिक्रिया दिदै आएको छ । तर, महामारी रोक्न आवश्यक सावधानी अपनाउन बाँकी पृष्ठ २ मा

# खुलेन चीन तर्फका नाका

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ चैत



चीनसँग जोडिएका नेपालका नाका तत्काल नखुल्ने भएको छ । चैत १२ गते नेपाल सरकारले चीनसँग जोडिएका रसुवागढी र तातोपानी नाका खोलेर सामान ढुवानी गर्ने निर्णय गरेको थियो । तर नेपालमा स्थानीय स्तरमा कोरोना संक्रमण फैलन थालेको भन्दै चिनियाँ पक्ष नेपालसँगको व्यापारिक नाका सञ्चालन गर्न अनिच्छुक देखिएपछि तत्काल नाका नखुल्ने भएको हो ।

नेपालको कारण चीनमा पुनः कोरोना फैलन सक्ने भन्दै चिनियाँ अधिकारीहरु सशंकित बनेको रसुवागढी भन्सार कार्यालयले जनाएको छ । चीनले तत्काल नाका सञ्चालन हुन नसक्ने जानकारी केरुङ प्रशासनले रसुवागढी भन्सारलाई गराएको बताइएको छ । माल वस्तु आयात निर्यातसँगै मानिसको ओहोरदोहोर हुने र त्यसले संक्रमणको बाँकी पृष्ठ २ मा

# दुई हजार विदेशी फर्किए

**सिबी अधिकारी/रासस**
काठमाडौं, २३ चैत

कोभिड –१९ को सम्भावित जोखिम हुन नदिन लकडाउन जारी रहेपछि नेपालमा रोकिएका दुई हजार ३७० विदेशी नागरिक स्वदेश फर्किएका छन् । पदयात्रालगायत विभिन्न सिलसिलामा यहाँ रहेका विदेशीलाई नेपाल पर्यटन बोर्डले सरोकारवाला निकायसँगको समन्वयमा काठमाडौँसम्म ल्याउन सहजीकरण गरेको थियो । यसरी स्वदेश फर्किएकामा जर्मनीका ९०७, फ्रान्सका ६०८, अमेरिकाका ३०२, अष्ट्रेलियाका २५६, डच नागरिक १२२, रेक रिपब्लिकनका १०२ र मलेसियाका ६६ जना रहेका छन् ।

काठमाडौँमा जम्मा भएका विदेशीलाई उनीहरुकै मुलुकले जहाज चार्टर्ड गरी लगेका हुन् । अहिले एक हजार ३७८ विदेशी नागरिक बोर्डको सम्पर्कमा आएका छन् । अन्य विदेशी कहाँ कति सङ्ख्यामा छन् भन्ने कुनैपनि निकायसँग विवरण नभएको बोर्डले जनाएको छ । बोर्डका प्रमुख कार्यकारी अधिकृत डा धनन्जय रेग्मीले आजसम्म दुई हजार ३७० विदेशी नागरिकको उद्धार गरी उनीहरुको मुलुक फर्काइएको बताए ।

उनले देशका विभिन्न पर्यटकीय गन्तब्यमा रोकिएका एक हजार ७२१ जनालाई बोर्डले उद्धार गरी स्वदेश फर्कन सहजिकरण गरेको जानकारी दिए । विभिन्न मुलुकका नेपालस्थित दूतावासले परराष्ट्र मन्त्रालयसँगको समन्वयमा आफ्ना नागरिकलाई फिर्ता लगेका छन् । नेपालमा कति सङ्ख्यामा पर्यटक रोकिएका छन् भन्ने अझै यकिन विवरण आइनसकेको बोर्डले जनाएको छ । अध्यागमन विभागको मार्च २१ सम्मको तथ्याङ्क हेर्दा दुई हजार ५०० विदेशी नागरिक नेपाल आएका छन् । यीमध्ये एक हजार २०० स्वदेश फर्केको रेकर्ड छ । अन्य विदेशी नागरिकको अवस्थाबारे अध्ययन भइरहेको छ । नेपालमा कूटनीतिक मिसनका झण्डै पाँच हजार विदेशी नागरिक रहेको बोर्डको अनुमान छ । अन्य विदेशी नागरिक कहाँ कुन अवस्थामा छन् अहिले नै भन्न नसकिने सरोकारवाला निकाय बताउछन् । नेपालमा बाँकी पृष्ठ २ मा

नेपाल आयल निगम

## नेपाल आयल निगम लि. को

## खाना पकाउने एल.पी. ग्याँस प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी अति आवश्यक सूचना

एल.पी ग्याँस अत्यन्त प्रज्वलनशील पदार्थ भएकोले यसको प्रयोगमा पर्याप्त शतर्कता र सावधानी अपनाउन जरुरी हुन्छ । यसैले खाना पकाउने ग्याँसको चुहावटबाट हुने दुर्घटनाबाट बच्न देहायका कुराहरुमा ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम लि. अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :**

१. एल.पी. ग्याँस सिलिण्डर ल्याउँदा-लैजाँदा नगुडाऊँ, भान्छामा सिलिण्डर सधैं ठाडो राखी प्रयोग गरौं, सुताएर र घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुल्हो जस्ता उपकरणहरु गुणस्तर प्रमाणित भएको मात्र प्रयोग गरौं । साथै हरेक २ (दुई) वर्षमा ग्यासको पाइप फेरौं ।
३. खाना पकाउँदा सधैं झ्याल ढोका खुला राखौं र सुतिको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
४. काम सकिएपछि सधैं रेगुलेटर बन्द गरौं ।

**ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू:**

१. खाना पकाउने स्थानमा एल.पी. ग्याँसको तीखो गन्ध आइरहेको छ भने ग्याँस लिक भइरहेको छ भन्ने बुझ्नुपर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको (Knob) बन्द गरौं ।
२. ग्याँस हावाभन्दा गह्रौं हुने भएकोले भुइँमा बस्छ । यस्तो अवस्थामा ढोका र सबै झ्याल खुला गरौं र आगोको झिल्का निस्कने पदार्थ जस्तै ग्याँस चुल्हो, सलाई, लाइटर, धूप आदि नबालौं र बिजुली बत्ती, टर्चलगायत कुनै पनि विद्युतीय उपकरण नचलाऔं ।
३. ग्याँस लिक भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्भमा 'सेफ्टी क्याप' ढकन लगाएर घर बाहिर खुला ठाउँमा राखौं र छिटोभन्दा छिटो नजिकको ग्याँस विक्रेता वा सम्बन्धित ग्याँस उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो**

**उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेडद्वारा जारी**

# विदेशमा अवैधरूपमा बसेकालाई उद्धार गर्न माग

**काठमाडौं/रासस–** कोरोना भाइरस (कोभिड-१९) को महामारी विश्वभर फैलिरहँदा गैरआवासीय नेपाली संघले विभिन्न देशमा अवैधानिकरूपमा बसिरहेका र विद्यार्थी भिसामा रहेका नेपालीलाई उद्धार गर्न नेपाल सरकार समक्ष आग्रह गरेको छ ।

हरेक देशमा कोभिड-१९ को असर बढेसँगै संघले वैदेशिक रोजगारीका लागि कामदार भिसामा गएका तर भिसा अवधि सकिएर पनि अवैधानिकरूपमा ती देशमा बसिरहेका, भ्रमण भिसामा गई लकडाउनमा परेका, भ्रमण भिसामा गए पनि कामका लागि अवैधानिकरूपमा बसेकादेखि अध्ययन भिसामा रहेका नेपाली विद्यार्थीको उद्धार गर्न नेपाल सरकार समक्ष आग्रह गरेको हो । संघले यसका लागि सरकारसँग समन्वय गर्न गैरआवासीय नेपाली संघ तयार रहेको जनाएको छ ।

मध्यपूर्वका देशदेखि लिएर युरोप, अमेरिका, अष्ट्रेलियालगायतका देशमा अवैधानिकरूपमा धैरै नेपालीको बसोबास रहेको बताउँदै संघका प्रवक्ता डिबी क्षेत्रीले ती नेपालीको उद्धार जरुरी रहेको बताए । उनले अवैधानिकरूपमा रहेका नेपालीलाई सम्बन्धित देशमा रहेको नेपाल सरकारको दूतावास तथा नियोग र त्यहाँ रहेको गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषदमा सम्पर्क गर्न पनि आग्रह गरे ।

'यो महामारीबाट हरेक देश जुधिरहेको अवस्था छ । यसले अझ विकराल रूप लिएको खण्डमा ती देशका सरकारले पहिला हेर्ने भनेको त्यहाँका नागरिक हो अनि वैधानिकरूपमा बसेका नै हुन्छ', संघका प्रवक्ता क्षेत्रीले भने, 'त्यो अवस्थामा अवैधानिकरूपमा बसेकाहरुले ठूलो समस्या झेल्नुपर्ने हुन्छ, त्यसैले पहिलो प्राथमिकता दिएर उहाँहरुलाई नेपाल लैजान हामी आग्रह गर्न चाहन्छौं ।'

अहिलेको यो अवस्थामा विभिन्न देशका सरकारले आफ्नो देश फर्कन चाहनेलाई सहजरूपमा जान दिने सम्भावना पनि रहेकाले त्यसका लागि पहल गर्न नेपाल सरकार समक्ष उनले आग्रहसमेत गरे । कुवेत सरकारले यो सुविधा दिने बताइसकेको छ । यदि यो सुविधा नहुने अवस्थामा अवैधानिकरूपमा रहेका नेपालीले नेपाल फर्कन चाहे भने जरिवाना तिर्नुका साथै कानूनले तोकेको सजाय भोग्नुपर्ने बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### थप धरौटीको प्रावधान खारेज गर्न माग



काठमाडौं/मस- नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघले वैदेशिक रोजगार ऐन २०६४ संशोधनमा अभिमुखीकरण व्यवसायीहरुले थप गर्नुपर्ने धरौटीको व्यवस्था खारेज गर्न माग गरेको छ । मध्यान्ह राष्टिय दैनिक मार्फत आइतबार वार्षिक रुपमा एक सय जना कामदार वैदेशिक रोजगारीमा नपठाएकै कारणबाट ईजाजतपत्र संस्थाहरु खारेज हुने हालको व्यवस्था हटाउन नेपाल सरकारले सहमति जनाएको र ऐन संशोधन प्रकृया अघि बढ्ने समाचार सार्वजनिक भएपछि महासंघका अध्यक्ष राजाराम गौतमले ऐन संशोधनमा महासंघको पनि सरोकार रहेको बताए ।

वैदेशिक रोजगार पाँचौ संशोधन नियमावली अभिमुखीकरण व्यवसायीको ईजाजतपत्र दस्तुर एक लाखबाट वढाएर ५ लाख पुऱ्याएको थियो । व्यवसायीहरुले उक्त धरौटी ईजाजतपत्र नविकरण गर्दा डिपोजीट गर्नुपर्ने छ । वैदेशिक रोजगार विभागले प्रत्येक वर्ष असार १५ गतेसम्म अभिमुखीकरण व्यवसायीहरुको ईजाजत नवीरकण गर्ने गरेको छ । नयाँ अभिमुखीकरण संस्थाको अनुमति लिँदा भने शुरुमै ५ लाख रुपैयाँ राष्ट्र बैंकको धरौटी खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । अध्यक्ष गौतमले विश्वभर तीव्र रुपमा फैलिएको बाँकी पृष्ठ २ मा

### साउदीमा ४ नेपाली संक्रमित

**योगी योगेन्द्र/मध्यान्ह**
दोहा, २३ चैत

साउदी अरबमा कार्यरत ४ नेपाली कामदार कोरोना भाइरसबाट संक्रमित भएको आइतबार पुष्टि भएको छ । साउदी अरबका लागि नेपाली राजदूत महेन्द्रसिंह राजपुतले साउदी अरबको सरकारले ४ जना नेपाली कामदारलाई कोरोना संक्रमण पोजिटिभ देखिएको विवरण दिएको जानकारी दिँदै उनीहरुको अवस्था स्थिर रहेको बताए ।

साउदी सरकारले आप्रवासी कामदारहरुलाई पनि आफ्नै नागरिक सरह निःशुल्क उपचार गर्ने र स्वास्थ्य उपचार पनि भरपर्दो रहेकोले आत्तिनु पर्ने अवस्था नरहेको राजदूत सिंहले जानकारी दिए ।

कोरोना भाइरसको बढ्दो संक्रमण रोक्न साउदी सरकारले शनिबारबाट ठूलो संख्याका नेपाली कामदार रहेका जेद्धाका विभिन्न भागमा बाँकी पृष्ठ २ मा

# सरकारका सचिवहरुबीच एकाअर्कालाई भ्रष्टाचारीको आक्षेप

**काठमाडौं/मस-** कोरोना भाइरसका कारण संसार नै त्रस्त भइरहेका बेला नेपालमा भने 'कहिं नभएको जात्रा हाँडीगाउँमा' भने झैं भइरहेको छ। सरकारमा रहेका मन्त्री, सचिवमाथि बिचौलिया, ठेकेदारसँग मिलेर कोरोना भाइरसविरुद्धको स्वास्थ्य सामग्री खरिदमा भ्रष्टाचार गरेको आरोप लागेको छ। निर्णय प्रक्रियामा संलग्नहरुलाई कार्वाहीको माग गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा नै उजुरी परिसकेको छ।

यही स्वास्थ्य सामग्री खरिदमा भएको घोटालासम्बन्धमा सामाजिक सञ्जालमा टिप्पणी गरेको विषयमा सरकारका वर्तमान एक सचिवले पूर्वसचिवलाई धम्की दिएका छन्। ठेकेदारसँग मिलेर बढी मूल्यमा सामान खरिद गरेको आरोप ब्यहोरिरहेका वर्तमान स्वास्थ्यसचिव यादव कोइरालाले पूर्व खानेपानी सचिव भीम उपाध्यायलाई धम्की दिएका हुन्।





सचिव कोइरालाले उपाध्यायलाई 'अपराधी र देशद्रोही' को संज्ञा समेत दिएका छन्। त्यतिले नपुगेर सचिव कोइरालाले आफू देश र जनताको नोकर हुँ भन्दै पूर्वसचिव उपाध्यायलाई 'अहँकारी अपराधी' समेत भनेका छन्। सचिव कोइरालाले पूर्वसचिव उपाध्यायलाई मेलम्ची खानेपानीमा भ्रष्टाचार गरेको आरोप पनि लगाएका छन्।

सामाजिक सञ्जाल ट्वीटरमा नेपाल सरकारका वर्तमान स्वास्थ्य सचिव कोइरालाले पूर्वसचिव उपाध्यायलाई दिएको धम्की जस्ताको तस्तै, 'भिमजी मेलामचिमा यहाले भ्रष्टाचार गरेको समचार पड मलाइ पनि त्यस्तै लागेको थियो। हेक्का रहोस अपराधिले अरुलाइ पनि अपरधिनै देख्छन। म देस र जनताको नोकर हुँ तपाई जस्तो अहङ्कारि अपराधि होइन। म अपरधि र देस द्रोइ होइन फेरि पनि हेक्का रहोस। कोठामा बसेर अरुको चरित्र हत्या नगर।'

त्यसअघि पूर्वसचिव उपाध्यायले स्वास्थ्य सामग्री खरिद घोटालामा संलग्न भएकै कारण उप्रधानमन्त्री इश्वर पोखरेल, स्वास्थ्यमन्त्री भानुभक्त ढकाल, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णु रिमाल र स्वास्थ्य सेवा विभागका महानिर्देशक महेन्द्र श्रेष्ठ आइतवारसम्ममा पदबाट हटेमा आश्चर्य नमान्नु होला भन्दै टिप्पणी गरेका थिए।

आफै पदबाट नहटे सबैलाई एकैसाथ पदमुक्त गरिन सक्ने आशंकासमेत व्यक्त गर्दै पूर्वसचिव उपाध्यायले सामाजिक सञ्जाल ट्वीटरमा लेखेका थिए, 'भोलि आइतबारसम्ममा बिष्णु रिमाल, उपप्रम ईश्वर पोखरेल, स्वास्थ्यमन्त्री भानुभक्त ढकाल, स्वास्थ्य सचिव यादव कोईराला र डिजी महेन्द्र श्रेष्ठ पदबाट हटे भने अचम्म नमान्नु होला। नभए होलसेल मै पदमुक्त हुन बाध्य हुन सक्छ।'

दुई सचिवबीचको जुहारी शनिबार सामाजिक सञ्जालमा एक घन्टाको अन्तरमा भएको देखिन्छ। कोरोना भाइरसले निम्त्याएको मानवीय संकटका समयलाई समेत भेल मानेर भ्रष्टाचार गर्नका लागि सत्तानिकटका व्यापारीहरु खोजेर बिना प्रतिष्पर्धा ठेक्का दिइएपछि उपाध्यायले झै आम जनता र सांसद, नेताहरुलेसम्मेत माथि उल्लेखित निर्णयाधिकारीहरुमाथि प्रश्न उठाइरहेका छन्।

बजार मूल्यभन्दा ४८ गुणासम्म महँगोमा त्योपनि गुणस्तरहीन सामान ल्याएपछि सरकारले उक्त ठेक्का रद्द गर्दै नेपाली सेनामार्फत् सामान आयात गर्ने निर्णय नै गरिसकेको छ। यस्तोमा स्वास्थ्यसचिव कोइराला आफूप्रति औंला ठड्याउनेसँग आक्रोशित मात्रै बनेका छैनन् उल्टै धम्की कै शैलीमा उत्रिएका हुन्।

जनताले तिरेको करबाट पालिएकाले आफ्नो निर्णयमाथि प्रश्न उठेपछि कसरी जवाफ दिने भन्ने सामान्य जवाफदेहीताको आचरणसम्म पनि कोइरालाले आफ्नै अभिव्यक्तिमा देखाएका छैनन्। दुबैका ट्वीटमाथि जमेर प्रतिक्रियाहरु आएका छन्। धेरैजसोले आफ्नो हैसियत नबिर्सन सुझाएका छन् भने केहीले पूर्वसचिवमाथि पनि आशंका तेर्स्याएका छन्।

## सञ्चारमाध्यमलाई सुविधा देऊ : काउन्सिल




काठमाडौं, मस- लकडाउनका कारण संकटपूर्ण अवस्थाका सञ्चारमाध्यमका लागि विद्युत, टेलिफोन, इन्टरनेटसहितका सञ्चार सामग्रीमा छुट र अनुदानको व्यवस्था गर्न प्रेस काउन्सिल नेपालले आग्रह गरेको छ। काउन्सिलको आइतबार बसेको बोर्ड बैठकले नोबेल कोरोना भाइरस संक्रमणको अत्यन्तै कष्टकर अवस्थामा नेपाली पत्रकार र आमसञ्चारमाध्यमहरुले खेलेको भूमिका प्रशंसनीय रहेको पनि ठहर गरेको छ।

बैठकले कोरोना भाइरसको संक्रमण नियन्त्रणका लागि सबै प्रकारका सञ्चारमाध्यमबाट सन्देशमूलक सूचना सामग्री र कार्यक्रम प्रकाशन/प्रसारण गर्न स्वास्थ्य मन्त्रालय, संघ/प्रदेश र स्थानीय सरकारबाट आवश्यक सहकार्य र बजेट व्यवस्था हुनुपर्ने, सोको निम्ति सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले समन्वय गरिदिन आग्रह पनि गरेको छ।

लकडाउन अवधिमा सार्वजनिक आवतजावत बन्द हुनुका साथै वितरण गर्ने, सम्पादन, व्यवस्थापन समूह एक ठाउँमा जुट्न नसक्ने, छापाखानामा प्राविधिकहरू नआउने अवस्था हुँदा प्रकाशन अवरुद्ध पत्रपत्रिकाको हकमा लोककल्याणकारी विज्ञापन भुक्तानी र वर्गीकरणका लागि यस अवधिमा अङ्क नपुगे पनि भुक्तानी र वर्गीकरणको नीतिगत निर्णय हुनुपर्ने काउन्सिलले माग गरेको छ।

साथै, कोरोना संक्रमण नियन्त्रणको लागि प्रभावकारी रुपमा लोककल्याणकारी विज्ञापनका नमूना बनाई आमसञ्चारमाध्यममा प्रचार/प्रसारको व्यवस्था मिलाउन बोर्ड बैठकले आग्रह गरेको छ।

काउन्सिल बैठकले हालै काठमाडौं प्रेस अनलाइन न्यूज पोर्टलको निर्माणकर्ता/सेवा प्रदायकबाट नै अनलाइन सञ्चारमाध्यममा प्रवेश गरी कन्टेन्टसमेत हटाइएको प्रति ध्यानाकर्षण भएको पनि जनाएको छ।

बैठक पछि काउन्सिलका सह प्रशासकीय अधिकृत दीपक खनालद्वारा जारी विज्ञप्तिमा नेपाल सरकारले स्थापना गरेको कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष खातामा काउन्सिलका कावा अध्यक्षको ७ दिनको तलब, अधिकृत कर्मचारीको ५ दिनको तलब र सहायकस्तर कर्मचारी सबैको ३ दिनको तलब बराबरको रकम जम्मा गर्ने निर्णय भएको पनि जनाइएको छ।

## नक्कली चिकित्सक प्रहरी नियन्त्रणमा

**झापा/मस-** इलाका प्रहरी कार्यालय काँकडभिट्टाले नक्कली चिकित्सकको भेषधारण गरेर काठमाडौँबाट झापा आएका दुई युवालाई आइतबार बिहान नियन्त्रणमा लिएको छ। नियन्त्रणमा पर्नेमा ३३ वर्षीय दिलकुमार श्रेष्ठ र २८ वर्षीय गणेश अधिकारी रहेका छन्। लकडाउनमा पनि ती युवा बा ६ च ७०१९ नम्बरको कारमा धरान हुँदै आज बिहान काँकडभिट्टा आइपुगेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाका अनुसार निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्न आएको बताएका उनीहरुमध्ये एक जनाले डा विनोद श्रेष्ठ नामको नक्कली परिचय पत्र बोकेका थिए।

काठमाडौँदेखि चिकित्सकको बहाना गरी सुरक्षा जाँच छल्दै काँकडभिट्टा आइपुगेका उनीहरुलाई प्रहरीले मेडिकल काउन्सिलको दर्ता नम्बरसमेत माग्दै सोधपुछ गरेपछि नक्कली चिकित्सक भन्ने पोल खुलेको थियो। दुबै जनालाई प्रहरीले आवश्यक अनुसन्धान अघि बढाउँदै तत्कालका लागि मेचीनगरको क्वारेन्टाइनमा पठाउने भएको छ भने सवारी साधन प्रहरी कार्यालयमै राखिएको छ। प्रहरी उपरीक्षक कोइरालाले नियन्त्रणमा लिइएका दुबै व्यक्ति लागू औषधको खोजीका लागि छटपटाउँदै आइपुगेको आशङ्का गरिएको बताएका छन्।

### अल्मलियो..

सामग्री खरीद प्रक्रियाले उत्पन्न समस्याका कारण मात्रै नभएर बिपद व्यवस्थापनमा पार्टी भूमिका तय गर्न पनि बैठक बस्नुपर्ने उनको भनाइ छ। तर, सचिवालय बैठक बोलाउन प्रधानमन्त्री ओलीले नै रुचि देखाइरहेका छैनन्। शनिबार सचिवालय नबोलाउनुले पनि बैठक नरुचाएकै पुष्टि हुन्छ। यसमा उपप्रधानमन्त्री एवम् कोरोना रोकथाम, उपचार तथा नियन्त्रण उच्च स्तरीय समितिका संयोजक ईश्वर पोखरेल, स्वास्थ्यमन्त्री भानुभक्त ढकाल समेत जोडिएकाले पनि सचिवालय बैठक बोलाउन माग गरिएको नेकपाका नेताहरु बताउँछन्। सरकारले महामारी रोकथामका लागि गएको चैत ११ गतेदेखि बन्दाबन्दी घोषणा गरेको छ।

### देउवाको....

भने काँग्रेस आमसर्वसाधरणलाई पटक-पटक आग्रह गर्दै आएका छन्।

आइतबार नै काँग्रेसका जिल्ला सभापतिले कोरोना परीक्षणको पहुँच सबै जिल्लामा विस्तार गर्न माग गरेका छन्। नेपाली काँग्रेसका ७७ जिल्ला सभापतिद्वारा जारी गरिएको संयुक्त विज्ञप्तीमा विश्वव्यापीरुपमा फैलँदै गएको कोभिड-१९ को सङ्क्रमण नेपालमा पनि बढ्नसक्ने भन्दै कोरोना परीक्षणको दायरा तत्काल सबैको सरल पहुँच हुनेगरी बढाउन माग गरेका हुन्।

काँग्रेस जिल्ला सभापतिले देशभरका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मीलगायत अत्यावश्यक सेवामा खटिने कर्मचारीलाई गुणस्तरीय व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) उपलब्ध गराउन सरकारको ध्यानाकर्षण समेत गरेका छन्। काँग्रेस नुवाकोटका सभापति जगदिश्वरनरसिंह केसीले भारत-नेपालको सिमानामा अलपत्र परेका नेपाली र तेस्रो मुलुकमा रहेका सबैलाई नेपाल ल्याई क्वारेन्टाइनमा राख्ने वातावरण निर्माण गर्न सरकारसँग आग्रह गरेका छन्।

मुलुकमा रहेका श्रमजीवी मजदुर र विपन्न वर्गलाई तत्काल खाद्यान्नलगायतका राहत सामग्रीको वितरणको व्यवस्था मिलाउन काँग्रेस जिल्ला सभापतिले माग गरेका हुन्। उहाँहरुले कोरोना भाइरस रोकथाम तथा उपचारका लागि सम्पूर्ण तहमा सङ्कलन गरिएको रकम ठीक ढङ्गले वितरण र उपयोग गर्नका लागि उच्चस्तरीय सर्वदलीय संयन्त्रको गठन गर्नुपर्ने माग गरेका छन्। यसैगरी, स्वास्थ्य उपकरण खरिदका लागि नेपाली सेनालाई जिम्मेवारी दिने निर्णय खारेज गर्न माग गरिएको छ।

काँग्रेस जिल्ला सभापतिले पार्टीका देशभरका कार्यकर्तालाई कोरोनाबारे देशभर जनचेतना फैलाउन र आइपरेको समस्या समाधानका लागि पहल गर्न आग्रह गरेका छन्। उनीहरुले काँग्रेसका जिल्ला सभापतिले यस विषम परिस्थितीमा जनताको जिउधनको रक्षा गर्न र सूचनाको हक प्रदान गर्न निरन्तर क्रियाशील सबैलाई धन्यवाद दिए।

### खुलेन...

जोखिम बढाउने चिन्ता चिनियाँ पक्षको रहेको छ।

सामान ढुवानी गर्ने कार्यसँगै मानिसको समेत ओहोर-दोहोर हुने र त्यसले संक्रमणको जोखिम बढाउने चिन्ता चिनियाँ पक्षलाई भएको रसुवागढी भन्सारले बताएको छ। नाका सञ्चालन गर्नेबारे कूटनीतिक तवरमा निर्देशन हुनुपर्ने जानकारी चिनियाँ पक्षले गराएको बताइएको छ।

नेपाल भारत खुला सीमा र भारतमा तीब्र गतिमा फैलिएको कोरोनाको असर नेपाल नाका भएर आफ्नो मुलुकमा आउँछ कि भन्ने चिन्ता चिनियाँ अधिकारीले व्यक्त गरेको बताइएको छ। व्यापारिक आवागमनले कोरोना नफैलियोस् भन्नेमा चिनियाँ अधिकारीहरुले चिन्ता व्यक्त गर्दै नाका खोल्ने विषयमा केही समय मागेको रसुवागढी भन्सारले जानकारी दिएको छ।

त्यसो त रसुवा नाकाबाट सामान नआएको दुई महिना नाघिसकेको छ। नेपाल फलफूल थोक व्यवसायी संघले पुसको पहिलो हप्ता नेपाल ल्याउनलाई करिब ७० करोड रुपैयाँ बराबरको स्याउ तथा लसुन खरिद गरेको थियो। चिनियाँ नयाँ वर्ष सकिए लगत्तै सामान नेपाल भित्र्याउने उनीहरुको लक्ष्य थियो। तर, सामान लोड गरेर नेपाल आउन उनीहरु हिँडे लगत्तै चीनमा कोरोना संक्रमण फैलिएपछि चीनले आफ्नो सम्पूर्ण नाका बन्द गऱ्यो। जसका कारण उक्त सामान हालसम्म नेपाल भित्रिन पाएको छैन।

करोडौं मूल्य बराबरको फलफूल र लसुन बोकेको कन्टेनरहरु न त तातोपानी र रसुवागढी भएर नेपाल आए न फर्किएर केरुङ नै फर्किन पाए। कन्टेनर नेपाल प्रस्थानसँगै चीनले एक्कासी नाका बन्द गरेपछि सबै कन्टेनरवीच सडकमै फसेको आयातकर्ताहरु बताउँछन्। बाटोमा दुई महिनादेखि अलपत्र परेको कन्टेनरमा स्याउ र लसुन तथा अन्य केही छुट्टै संख्याको कन्टेनरमा लत्ता कपडाहरु रहेको उनीहरुको भनाइ छ।

### दुई ...

करिब १० हजार विदेशी नागरिकले प्रवेशाज्ञा (भीषा) थपेर बसेको बताइन्छ।

कोभिड-१९ को जोखिम हुन नदिन सरकारले चैत ११ देखि २५ गतेसम्म देशभर लकडाउन गरेको अवधिमा विभिन्न परिस्थितिमा यहाँ रोकिएका विदेशी नागरिकको उद्धार गरी उनीहरुको मुलुक फर्काइएको हो। सरकारले गत चैत ९ गतेदेखि वैशाख ३ गतेसम्म मुलुकमा भित्रने सबै अन्तरराष्ट्रिय वायु सेवा कम्पनीको उडान बन्द गरेको छ। आन्तरिक उडान पनि बन्द गरिएको छ। यो अवस्थामा नेपालका विभिन्न पर्यटकीय गन्तब्यमा रोकिएका विदेशी पर्यटकलाई हवाई जहाजबाट उद्धार गरी काठमाडौं ल्याइएको थियो। कतिपय विदेशीलाई सडकमार्ग भएर पनि ल्याइयो। पोखरा, चितवन, लुक्ला, मुस्ताङको जोमसोमलगायत गन्तब्यबाट पर्यटकलाई उद्धार गरिएको थियो। नेपालको आन्तरिक उडानमा रहेका वायु सेवा कम्पनीका जहाज मार्फत विदेशीको उद्धार गरिएको थियो।

अन्तरराष्ट्रिय तर्फ पनि निगमको वाइड बडी जहाजले अष्ट्रेलियाली र न्यूजील्याण्डका नागरिकलाई चार्टर्ड उडानमार्फत गन्तब्यमा लगेको थियो भने सबैभन्दा बढी कतार एयरवेजले विदेशी नागरिक बोकेको छ। उक्त कम्पनीको जहाजले युरोपेली मुलुक फ्रान्स, जर्मनीलगायत मुलुकका मात्र नभई तीन सयभन्दा बढी अमेरिकी नागरिकलाई पनि उनीहरुको देश पुऱ्याएको छ। पछिल्लो पटक हिजो चार देशले चार्टर्ड उडान गरी आफ्ना नागरिक लगे। नेपालमा रोकिएका मध्ये कतिपय विदेशीको प्रवेशाज्ञा अवधि सकिएको छ। त्यस्ता विदेशीसँग लकडाउनका कारण उनीहरुलाई घर फर्किन केही दिन ढिला भए कुनैपनि शुल्क नलिने सरकारले निर्णय गरेको थियो। तर, पछिल्ला केही दिनको उडानमा घर फर्कने विदेशी नागरिकलाई अध्यागमनले ४५ अमेरिकीडलर जरिवाना लिएकोमा सम्बन्धित मुलुकका नागरिकले गुनासो गरेका छन्।

शनिबार मात्रै चेकरिपब्लिकनको नेपालस्थित वाणिज्यदूतले अतिरिक्त शुल्का लिएकोमा पर्यटन बोर्डसँग गुनासो गरेको बुझिएको छ। अध्यागमन विभागले भने लामो समयसम्म रहेका विदेशी नागरिकलाई प्रवेशाज्ञा दस्तुर मात्रै लिएको तर, पेनाल्टी शूल्क नलिएको स्पष्ट पारेको छ। पर्यटकका प्रवेशाज्ञा सकिएमा एक दिन भए पनि १५ दिन भए पनि न्यूनतम ४५ डलर तिर्नुपर्ने प्राबधान रहेको विभागले उल्लेख गरेको छ। नेपालमा पर्यटकको हकमा बढीमा तीन महिनासम्मको भिषा अवधि हुन्छ। विदेशी नागरिकलाई ९० दिन, ६० दिन र ३० दिनको प्रवेशाज्ञा अवधि दिइन्छ।

के गर्दैछ विभाग

मुलतः प्रवेशाज्ञा प्रक्रिया, विदेशी नागरिकको आवत जावतको सूचना व्यवस्थापनमा सक्रिय हुने अध्यागमन विभाग यतिखेर मुलुक लकडाउनका कारण तुलनात्मकरुपमा कामको बोझ कम छ, तर पनि विभागको व्यस्तता उत्तिकै छ। विदेशी नागरिकलाई उनीहरुको मुलुक फर्कनका लागि सहजिकरण गर्नेदेखि विदेशबाट आएका नेपालीमा कोभिड संक्रमण फेलापरेका व्यक्तिसँगै आएका अन्यको खोजीकार्यमा विभागले सक्रिय भूमिका निर्बाह गरिरहेको छ। विभागले स्वास्थ्यकर्मी तथा नेपाल प्रहरीको सहकार्यमा उनीहरुको खोजी गरिरहेको हो।

विभागका महानिर्देशक रमेशकुमार केसीले नेपालमा रहेका विदेशीलाई उनीहरुको मुलुक फर्कनका लागि उद्धार उडानको सहजिकरणलगायत काम गरिरहेको राससलाई जानकारी दिनुभयो। महानिर्देशक केसीले भने, "अध्यागमन विभागले पर्यटकको सूचना व्यवस्थापनका साथै स्वदेश पर्कन चाहने विदेशीको उद्धार उडानका लागि सहजिकरण गरिरहेको छ। विदेशबाट फर्केर कोभिड संक्रमण फेला परेकोका नेपालीसँगै जहाजमा आएका अन्यको खोजी कार्यमा विभागले सक्रियता जनाएको छ।" अध्यागमनलाई पनि नेपालमा के कति सङ्ख्यामा विदेशी नागरिक रहेका छन् भन्ने यकिन विवरण छैन। अहिले पनि १० देखि १२ हजारको सङ्ख्यामा विदेशी नेपालमा रहेको विभागको अनुमान छ।

### विदेशमा...

अवस्था हुन्छ। त्यसैले विभिन्न समस्या झेलेर अवैधानिकरूपमा बसिरहेकाहरुलाई समेत सहजरूपमा नेपाल फर्कन पाउने अवस्था रहेकाले यसलाई बुझेर नेपाल सरकारलाई पहल अगाडि बढाउन संघले आग्रह गरेको प्रवक्ता क्षेत्रीले जानकारी दिए। यस सम्बन्धमा संघका तर्फबाट अध्यक्ष कुमार पन्तले परराष्ट्रमन्त्री, पर्यटनमन्त्रीलगायतसँग छलफल गर्नुभएको बताउँदै प्रवक्ता क्षेत्रीले अहिले नेपालमा समेत लकडाउन रहेकाले यदि उद्धार गरिएपछि पनि कहाँ र कसरी उनीहरुको व्यवस्थापन गर्ने भन्ने सन्दर्भमा सरकारले आवश्यक ठानेमा संघले आवश्यक समन्वय र सहयोग गर्ने जनाए।

नेपालबाहिर विभिन्न देशमा अवैधानिकरूपमा रहेका नेपालीको सङ्ख्या पनि उत्तिकै रहेको छ। विभिन्न भिसामार्फत त्यहाँ जाने र अवैधानिकरूपमा बस्नेको सङ्ख्या मध्यपूर्वका देश कुवेत, मलेशिया, ओमान, कतार, युएईलगायत युरोप, अमेरिका, अष्ट्रेलियालगायतका देशमा रहेको छ।

### थप...

प्राणघातक कोरोना भाइरस (कोभिड-१९)को संक्रमणका कारण जटिल अवस्था उत्पन्न भई सम्पूर्ण व्यवसायीहरु सरकारको आह्वान अनुसार व्यवसाय बन्द गरेर बसेकोले धरौटी थप गर्न नसकिने स्थिति बनेको कताए।

वैदेशिक रोजगारीमा जाने कामदारलाई तालिम दिने जस्तो प्राज्ञिक पेशा गर्ने अभिमुखीकराण व्यवसायीहरुलाई सीप सिकाए वा अभिमुखीकरण तालिम दिए वापत राज्यका तर्फबाट प्रोहत्साहन र संरक्षण हुनुपर्नेमा धरौटी माग गर्नु जायज नभएको पनि उनले बताए।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले व्यवसायीहरुसँग कुनै छलफल नगरी एकपक्षीय रुपमा धरौटी बृद्धि गरेको भन्दै ऐन संशोधन गर्दा त्यसलाई पनि समेटिनु पर्ने माग पनि अध्यक्ष गौतमको छ।

### साउदीमा...

२४ घण्टे कर्फ्यू जारी गरेको छ। कर्फ्यूको आदेशलाई पूर्ण पालना गर्न दूतावासले नेपाली समुदायलाई आग्रह गरेको छ। साउदीले आवासीय परिचयपत्र (अकामा) को म्याद सकिएका कामदारको अकामा अवधि तीन महिनाका लागि नवीकरण हुने निर्णय गरेको छ।

# अमेरिकामा ५०० नेपालीमा कोरोना संक्रमण

**मधुकर अधिकारी/रासस**
वासिङ्टन डिसी, २३ चैत



अमेरिकामा विभिन्न तरिकाले बसोबास गर्दै आएका नेपालीमूलका अमेरिकी तथा नेपालीभाषी पनि कोभिड-१९ को चपेटामा परेका छन्। अहिलेसम्म नेपालीमूलका एक जनाको निधन भएको छ भने करिब ५०० कोरोना भाइरसबाट सङ्क्रमित भएको जनाइएको छ तर यसको स्वतन्त्ररूपमा पुष्टि हुन सकेको छैन।

अमेरिकामा रहेका नेपाली कति सङ्क्रमित भएका छन् भन्नेबारे आधिकारिकरूपमा बताउन कसैले पनि सकेका छैनन्। अमेरिकामा रहेको नेपाली दूतावासले नेपालीलाई कुनै समस्या परेको खण्डमा सम्पर्क गर्न भन्दै विभिन्न टेलिफोन नम्बर दिएको छ भने दूतावासको वेबसाइटमा एउटा फर्मसमेत राखिएको छ।

अमेरिकाका लागि नेपालका राजदूत डा अर्जुन कार्कीले अमेरिकामा पर्यटन वा अन्य प्रयोजनका लागि भ्रमणमा आएका नेपालीलाई विषम परिस्थितिमा उत्पन्न समस्या र भिसालगायतको विषयमा सम्बोधनका लागि अमेरिकी सरकारसमक्ष आवश्यक प्रक्रियाका लागि कूटनीतिक पत्राचार गरेको बताएका छन्। अमेरिका भ्रमणमा रहेका कतिपय नेपालीको भिसाको म्याद सकिएको र उनीहरुमा 'ओभरस्टे' हुने हो कि भन्ने आशङ्का रहेको छ।

अमेरिकाको राज्यसभाको विधायकमा निर्वाचित ह्यारी भण्डारीले नेपालीभाषी अमेरिकीको सहयोगका लागि आफ्नो कार्यालयले विभिन्न कार्यक्रम गरेको बताए।

भण्डारीले आफ्नो विभिन्न माध्यम तथा स्थानीय नेपाली समुदायसँगको परामर्शका आधारमा दैनिकरूपमा नेपालीभाषीहरु कोरोनाबाट सङ्क्रमित भएको रिपोर्ट आएको बताउँछन्। भण्डारीको कार्यालयले नेपालीभाषीका लागि बेरोजगार घोषणा गर्ने फर्म तथा व्यवसायमा आधारित कर्जा तथा कतिपय व्यक्तिको सङ्क्रमण परीक्षणका लागि सहयोग गरेको बताउँछन्।

सङ्घीय जनप्रतिनिधिसँग समेत सहकार्य गरेर नागरिकका विभिन्न समस्याको सहजीकरणका लागि काम गरिरहेको उनले बताए। भण्डारीले मेरिल्याण्ड जनरल एसेम्बलीमा हेल्थ एण्ड गभर्नमेन्ट अपरेशन कमिटीको सदस्यका रूपमा समेत काम गरिरहेका छन्। यसपटक मेरिल्याण्डको जनरल एसेम्बली १५८ वर्षमा पहिलोपटक तोकिएको समयभन्दा अगावै कोरोना भाइरसका कारणले अन्त्य गरिएको थियो।

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) का पूर्वअध्यक्ष तथा पेशाले चिकित्सकसमेत रहेका डा केशव पौडेल अमेरिकामा रहेका नेपालीमा मनोवैज्ञानिक सन्त्रास अत्यधिक रहेको बताउँछन्। कोरोना भाइरसको सामान्य लक्षण देखिएका ८० प्रतिशतभन्दा बढीले खानपान र सामाजिक भेटघाट कम गरी आफैँ क्वारेन्टाइनमा बस्दा यसमा कुनै चिन्ता लिनुनपर्ने पौडेलको भनाइ छ।

पौडेलले भने, 'अमेरिकाभरिका बिरामीको प्रकृति र प्रवृत्ति हेर्दा १५ प्रतिशतलाई अस्पतालमा भर्ना गर्नुपर्ने अवस्था आएको र पाँच प्रतिशतलाई इन्सेटिभ केयर युनिट (अति सघन कक्ष) मा भर्ना गर्नुपरेको देखिएको छ। त्यसमध्ये करिब एक दशमलव ४ प्रतिशतका बिरामीले जीवन गुमाउनुपरेको छ।' पौडेलका अनुसार करिब ५०० नेपाली कोरोना भाइरसको सङ्क्रमित भएका छन्। तीमध्ये करिब आधाभन्दा बढी अपस्ताल भर्ना नभई सेल्फ क्वारेन्टाइनमा बसेका छन्। कोरोनाका कारण न्यूयोर्कमा बस्दै आएका अनिल लिम्बूको गत साता निधन भएको थियो।

नेपालीहरु अमेरिकाको न्यूयोर्क, क्यालिफोर्निया, न्यूजर्सी, पेन्सलभेनिया, टेक्सासलगायतका स्थानमा बढी बसोबास गर्ने तथ्याङ्क छ। यसैगरी मेरिल्याण्ड, न्यूह्याम्पसायर, कनेक्टिकट, भर्जिनिया, नर्थ क्यारोलिना, कोलोराडो वासिङ्टन इलोनोइजमा पनि बसोबास गर्दै आएका छन्। अमेरिकाको पचासै राज्यमा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ भने मुख्यरूपमा न्यूयोर्कमा बढी देखिएको। न्ययोर्कमा मात्र करिब ४० हजार नेपाली बसोबास गर्ने गरेको अनौपचारिक तथ्याङ्क रहेको छ।

तर सङ्घीय सरकारले स्वास्थ्य बीमा नभएकाहरुको पनि उपचार गर्ने र राहत प्याकेजअन्तर्गतको प्रतिव्यक्ति १२ सय डलर उपलब्ध गराउने भएकाले धेरै आत्तिन नपर्ने धारणा भण्डारीको छ। भण्डारीले हरेक राज्यमा बस्ने नेपालीलाई सहयोग गर्न आफ्नो कार्यालयले राज्यपिच्छेको सम्पर्क ठेगानासहितको विवरण आफ्नो वेबसाइटमा राखेकोसमेत बताएका छन्।

अमेरिकामा ३०० रजिष्टर्ड नर्स आबद्ध रहेको सान सोसाइटी अफ अमेरिकन नेप्लिजको अध्यक्ष रहेकी मञ्जु सङ्ग्रौलाले दिएको जानकारीअनुसार उनीहरुसँग आबद्ध नर्सहरु सबै 'एक्टिभ ड्युटी'मा रहेका छन्।

यसैगरी एनआरएनए ग्लोबल हेल्थ कमिटीका अध्यक्ष डा सञ्जीव सापकोटाले रासससँग कुरा गर्दै भने, 'हामीले अनौपचारिक तथ्याङ्क सङ्कलन गरेका छौं, यसरी तथ्याङ्क केलाउँदा करिब ५०० कोरोना भाइरसको सङ्क्रमित हुनुभएको देखिएको छ। तीमध्ये ८० प्रतिशतभन्दा बढी घरमा नै आइसोलेसनमा बसेका छन्।'

सापकोटाका अनुसार कोरोना भाइरस पोजेटिभ देखिँदैमा जीवन अन्त्य हुन्छ भन्ने भ्रमबाट सबै मुक्त हुनुपर्छ। अमेरिकामा आफ्नो स्वास्थ्य अस्वस्थाका बारेमा जानकारी दिने विषय गोपनीयताको हक भएकाले पनि यकिन तथ्याङ्क पत्ता लगाउन कठिन हुने सापकोटाको भनाइ छ।

नागरिक अगुवादेखि नेपाली दूतावासका प्रतिनिधि र अमेरिकाका जनप्रतिनिधिसमेत सबैले एकै स्वरमा सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सनको मार्गनिर्देशनहरु अक्षरशः पालना गर्न समुदायमा अपिल गरेका छन्।

# घरमै अभ्यासमा खेलाडी

मुक्ति रेग्मी/मध्यान्ह
काठमाडौं, २३ चैत




लक डाउनका कारण नेपाल अहिले ठप्प रहेको छ। जसका कारण खेलकुद गतिविधिदेखि सम्पूर्ण ठप्प भएको छ। लकडाउनकै कारण ठूला प्रतियोगिताहरु स्थगन भइसकेका छन्। अहिलेको लकडाउनले ओलम्पिक लगाएतका ठूला प्रतियोगिताहरु एक वर्ष पर धकेलिएका छन् भने फिफाले पनि अनिश्चित कालका लागि प्रतियोगिताहरु स्थगन गरिसकेको छ। खेलप्रतियोगिताहरु स्थगन भएसँगै अधिकांश नेपाली खेलाडीहरु फुर्सदिला बनेका छन्। नेपाली खेलाडीहरु लक डाउनका कारण बाहिर निस्किएर अभ्यास गर्न नसकिने भएपछि खेलाडीहरु अहिले घरमै अभ्यास गरिरहेका छन्।

क्रिकेटर सन्दीप लामिछाने अहिले चितवनमा छन्। त्यहाँ उनले अहिले घर परिवारसँग बसेर लकडाउनको पालना गरिरहेको बताए। यसैगरी संगितमा रुची राख्ने सन्दीपको साथी अहिले गितार पनि बनेको छ। यस्तै अर्का क्रिकेटर अविनाश बोहोरा पनि काठमाडौंमै छन्। लकडाउनकै कारण गृहनगर नेपालगञ्ज जान नपाएको बोहोरा अहिले कोठामै सामान्य अभ्यास गरेको बताए।

यसैगरी अर्का क्रिकेटर सुवास खकुरले पनि अहिले घरकै सिढी र छतमा आफूले अभ्यास गर्ने गरेको जानकारी दिए। नेपाली फुटबल टिमका गोलकिपर विकेश कुथुपनि घरमै अभ्यास गरेको बताउँछन्। यस्तै नेपाली भलिबल टिमका स्पाइकर मानबहादुर श्रेष्ठ पनि अहिले लकडाउनका कारण आफू नवलरासीमा रोकिएको बताए। अनुशासनको कार्बाहीका कारण टिम बाहिर रहेका मानबहादुर बंगलादेशमा हुने भनिएको एभीसी सेन्ट्रल जोनका लागि प्रारम्भिक टिममा परेका श्रेष्ठ यसबीचमा घाइते भए पनि अहिले आफू पूर्णरुपमा फिट भएको पनि जानकारी दिए। अहिले घरमै सामान्य जगिङ गरेको र सम्पूर्ण ध्यान लकडाउन कार्यान्वयनमा रहेको पनि जानकारी दिए।

यस्तै ब्याडमिन्टन स्टार प्रिन्स दाहाल पनि अहिले घरमै अभ्यास गरिरहेको बताए। बाहिर निस्कने अवस्था नरहेकाले विहान अलि धेरै सुत्ने गरेको बताउँदै घरकै भित्तामा अभ्यास गर्ने गरेको उल्लेख गरे।

# प्रिमियर लिगको ठूलो रकम गुम्ने खतरा



Getty Images

**काठमाडौं/एजेन्सी-** कोरोना भाइरसका कारण प्रिमियर लिगका खेलाडी र प्रशिक्षकको ३० प्रतिशत तलव कटौतीमा अझैपनि केहि ठोस सहमति हुन सकेन। शनिबार साँझ २० क्लवका कप्तान र प्रशिक्षकसँगको भिडियो कन्फ्रेन्समा प्रिमियर लिग र खेलाडीबीच ठोस निर्णय हुन सकेन।

सो छलफलमा उनीहरुले खेलाडीलाई यदि लिग सुचारु नभएमा क्लवलेहरु कुल एक दशमलव १३७ बिलियन पाउण्ड गुमाउने जानकारी दिएका थिए। त्यसमा ठूलो रकम ब्रोडकास्टर्सलाई ७६२ मिलियन पाउण्ड फिर्ता गर्नुपर्ने रहेको छ। तर, प्रिमियर लिगको सो जानकारीपछि पनि क्लवका कप्तान र प्रशिक्षकहरुले खासै राम्रो प्रतिक्रिया दिन सकेनन्। यसअघि सबै क्लवका कप्तान ३० प्रतिशत तलव कटौतीमा सकारात्मक रहेको खबर बाहिरीएको थियो। तर यथार्तमा त्यो सबै कप्तानले नबताएको भनिएको छ।

सबै क्लवहरुले सो छलफलमा कप्तान र प्रशिक्षकलाई अगाडी सारेका थिए। जसमा प्रिमियर लिगले आफ्नो अवस्थाका बारेमा पुर्ण जानकारी दिएको थियो। उनीहरुलाई लिग स्थगित गरेर ७६२ मिलियन फिर्ता गर्नु उचित की खेलाडीको ३० प्रतिशत तलव कटौती गर्नु उचित भनेर पनि सोधिएको थियो। त्यसमा क्लवहरु विभाजित देखिएका थिए।

कोरोनाका कारण प्रिमियर लिगले अवस्था पुर्ण रुपमा साम्य नहुँदासम्म लिग सुचारु गर्न कठिन रहेको बताइसकेको छ। यस्तो अवस्थामा अब लिगको आर्थिक समस्या कसरी सल्ट्याउने भन्ने ठूलो प्रश्न रहेको छ।

# तलब कटौती अपमान : रुनी



काठमाडौं, एजेन्सी-कोरोना भाइरसका कारण खेलाडीको आर्थिक कटौती गर्ने प्रिमियर लिगको निर्णयले अपमान गरेको वायन रुनीले बताएका छन्। खेलाडीलाई कुनैपनि तरिकाले विन को अवस्था नभएको भन्दै उनले शक्तिको प्रयोग गर्न खोजिएको धारणा राखेका छन्।

श्वास्थ्य सचिवले खेलाडीलाई कोरोना विरुद्धका अभियानमा केहि बढी गर्न आग्रह गरेका थिए भने प्रिमियर लिगले ३० प्रतिशत तलव कटौती गर्ने प्रस्ताव गरेका थिए। यो विषयमा बोल्दै डर्वीका स्ट्राइकर रुनीले खेलाडीको तलव कटौतीको अफर सकारात्मक भए पनि उनीहरुको मात्र कटौती गर्न नहुने उल्लेख गरे।

३४ बर्षीय रुनीले प्रिमियर लिगले खेलाडीमा दबाव दिएको र खेलाडीका लागि यो अफर घाटाको ब्यापार भएको बताए। यदि आर्थिक संकटलाई कम गर्ने योजना नै हो भने यो नियम बढि तलव खाने खेलाडीका लागि लागु गर्नुपर्ने न की कम तलव खानेका लागि।

यसका साथै उनले लिगको यो निर्णले आफुलाई अचम्ममा पारेको पनि बताए। किनकी अरु विषयमा निर्णय गर्दा खुसुक्क गरिन्थ्यो, तर अहिले सबै कुरा किन सार्वजनिक गरेको भन्नेमा प्रश्न गरे।

यसका साथै उनले खेलाडीबाट जुन किसिमले तलव कटौती गरेर रकम उठाइदैछ, त्यसका तुलनामा प्रिमियर लिगले एनएचएसलाई दिने भनेको २० मिलियन पाउण्ड समुन्द्रमा एक थोपा पानी हालेजस्तै रहेको बताए।

# पाकिस्तानी क्रिकेटर मर्कामा



**काठमाडौं/एजेन्सी-** इंग्ल्याण्डमा यतिबेला कोरोनाका कारण घरेलु क्रिकेट प्रतियोगिताहरु बन्द रहेका छन्। ती प्रतियोगिता कहिलेबाट सुचारु हुनेहुन एकिन भन्न सक्ने अवस्था छैन। यस्तो ती प्रतियोगिता नहुँदाको असर इंग्ल्याण्डका खेलाडीलाई मात्र होइन सिमा पारीका खेलाडीलाई पनि पर्ने भएको छ।


इंग्ल्याण्डमा काउन्टी खेल्नका लागि विशेष गरि पाकिस्तानबाट धेरै खेलाडी जाने गर्छन। त्यहाँको घरेलु लिगहरु सुचारु नुहँदा पाकिस्तानबाट जाने खेलाडीको आर्थिक आम्दानीमा ठूलो धक्का पर्ने भएको छ। इंग्ल्याण्डमा काउन्टी क्रिकेट खेल्न पाकिस्तानबाट धेरै खेलाडी पुरा सिजनका लागि जाने गर्छन। जसमा उनीहरुले ४५ सय पाउण्ड देखि १५ हजार पाउण्डसम्म कमाई गर्नेगर्छन।

नियमित काउन्टी खेल्न जाने खेलाडीमा पाकिस्तान मनसोर अमजाद, नायर अब्बास, क्वेसेर अब्बास, साहिद युसुफ र वकास मक्सुद रहेका छन। अरु देश भन्दा पाकिस्तानका खेलाडी इंग्ल्याण्ड बढि काउन्टी खेल्न चाहना राख्ने गर्छन।

तर अब उनीहरुको त्यो योजना र आर्थिक सहायतामा धक्का लागेको छ। अम्जाद जो नियमित चार बर्षदेखि इंग्ल्याण्डमा काउन्टी खेलिरहेका छन्। उनले भने, 'म जस्तो खेलाडी जसको सिनियर टिमबाट खेल्ने कुनै मौका छैन, त्यसका लागि इंग्ल्याण्डको काउन्टी क्रिकेटले राम्रो सहयोग गरेको थियो। तर कोरोनाको हामीहरुलाई इंग्ल्याण्ड जान रोकेको छ।'

पाकिस्तानबाट मात्र ३० देखि ४० खेलाडी इंग्ल्याण्डमा क्रिकेट खेलेर कमाई गर्ने गरेका छन। यतिमात्र होइन कोहि प्रशिक्षक पनि इंग्ल्याण्डका विभिन्न क्लवमा प्रशिक्षण दिइरहेका छन। उनीहरुलाई पनि मार पर्ने भएको छ।

# न्यूयोर्कका लागि एकहजार थान भेन्टिलेटर सहयोग



© POOL/AFP via Getty Images

**न्यूयोर्क, एजेन्सी-**अमेरिकाको न्यूयोर्क राज्यका गभर्नर एन्ड्रु कुमोले चीन सरकारले कोरोनाभाइरसबाट ठूलो संकटको सामना गरिरहेको न्यूर्याकका लागि एक हजार थान भेन्टिलेटर पठाउन लागेको बताएका छन्।

गभर्नर कुमोले संकटको यस समयमा चीन सरकारको सदासयताका लागि धन्यवाद दिँदै चीनले प्रदान गर्न लागेका भेन्टिलेटर अमेरिकाको केनेडी विमानस्थलमा आइपुग्ने जानकारी दिए। अमेरिकाका विभिन्न राज्यमा कोरोनाभाइरसको संक्रमण रहेको भन्दै अमेरिकामै यी सामान तत्काल प्राप्त गर्न कठिनाई भएको पनि उनले बताए। 'हामी सबै एउटै युद्धमा छौं। सबैले भाइरसको प्रसार रोक्ने एकमात्र उद्देश्य राखेका छौं' कुमोले भने। उनले ओरेगन राज्यले पनि न्यूयोर्कका लागि १४० थान भेन्टिलेटर पठाउने वचन दिएको बताए।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कतिपय राज्यलाई तत्काल स्वास्थ्य सामग्री आवश्यक नभए पनि ठूलो संख्यामा माग भइरहेको भन्दै दुःख प्रकट गरे। उनले चीनबाट भेन्टिलेटर मगाउन आफूले नै पहिलो प्रयास गरेको जानकारी दिए। न्यूयोर्कका गभर्नर कुमो र आफूबीच कुनै पनि विषयमा मतान्तर नरहेको पनि राष्ट्रपति ट्रम्पले स्पष्ट गरे। यसैगरी म्यासाचुसेट्स राज्यले पनि चीनबाट दशलाख मास्क ल्याउनुका साथै रसियाले पनि चिकित्सा उपकरण अमेरिका पठाएको छ। यसैबीच, राष्ट्रपति ट्रम्पले एन९५ सुरक्षात्मक मास्क क्यानाडा र अन्य मुलुकमा निकासमा प्रतिबन्ध लगाउने बताए। संयुक्तराज्य अमेरिकामा कोरोनाभाइरसबाट संक्रमितको संख्या तीन लाख नाघेको छ भने ८ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ। मृत्यु भएकामध्ये ३ हजार ५०० न्यूयोर्क राज्यका रहेका छन्। चीन र ओरेगन राज्यबाट भेन्टिलेटर उपलब्ध भए पनि न्यूयोर्क राज्यका गभर्नर कुमोले राज्यका निजी स्वास्थ्य संस्थाहरुलाई आफूसँग रहेका भेन्टिलेटरहरु कोरोनाभाइरसका बिरामीका लागि पनि उपलब्ध गराउन आदेश दिएका छन्। राष्ट्रपति ट्रम्पले संघीय सरकारले न्यूयोर्कको जाभिट्स कन्भन्सन सेन्टरमा दुई हजार ५०० शैयाको फिल्ड अस्पताल निर्माण गर्न लागेको र त्यहाँ अमेरिकी सैनिकले सेवा दिने बताए। सेनाले सञ्चालन गर्नेगरी लुजियाना र डल्लासमा पनि यस्तै अस्पताल बनाइने राष्ट्रपति ट्रम्पले बताए।

# अर्को हप्ता हाम्रा लागि अझै चुनौती छ – ट्रम्प



**वासिङ्टन डिसी, एजेन्सी-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कोरोनाभाइरसका बारेमा पर्याप्त सचेतता नअपनाउने हो भने आउँदो दुई हप्ता अझै धेरै मानिसको मृत्यु हुन सक्ने बताएका छन्। अमेरिकामा कोरोनाभाइरस संक्रमित व्यक्तिको संख्या नै बढी देखिएकाले आउँदो दुई हप्तामा अझ धेरै अमेरिकी नागरिकको मृत्यु हुने सम्भावना रहेको उनले बताए।

पछिल्लो विवरणमा अमेरिकामा कोरोनाभाइरसका कारण तीन लाखभन्दा बढी नागरिक संक्रमित भइसकेका छन्। ह्वाइट हाउसमा गठन गरिएको कोरोनाभाइरस नियन्त्रण कार्यदलको बैठकपछि सम्बोधन गर्दै राष्ट्रपति ट्रम्पले अमेरिकामा मानवीय क्षतिको अनुमान गर्न निकै कठिन रहेको पनि उल्लेख गरे। स्थानीय समय अनुसार शनिबारसम्म अमेरिकामा आठ हजार २९१ जनाको मृत्यु भइसकेको विवरण कार्यदलको बैठकमा पेस गरिएको थियो। सो विवरण जोन्स हप्किन्स विश्वविद्यालयको विवरण हो।

राष्ट्रपति ट्रम्पले जरुरी स्वास्थ्य उपकरण उत्पादनमा रहेको एकाधिकार तोड्न डिफेन्स प्रोडक्सन एक्ट (डिपिए)मा हस्ताक्षर गर्नु परेको पनि बताए। यो जारी भएसँगै अन्य कम्पनीहरुले पनि चिकित्सा सामग्री उत्पादन गर्न पाउने र बजारमा अत्यावश्यक स्वास्थ्य सामग्री सर्वसुलभ हुने अमेरिकी सरकारको विश्वास छ।

कार्यदलकी सदस्य डा म्यारी इ. बर्चले पनि राष्ट्रपति ट्रम्पले भनेझैं आगामी दुई हप्तामा कोरोनाका कारण अमेरिकामा ठूलै स्वास्थ्य चुनौती देखिने बताएका थिइन्। उनले क्षति न्यूनीकरण गर्नका लागि जस्ले जहाँबाट जे जे सकिन्छ, त्यही त्यही गर्नुपर्ने समय आएको पनि बताइन्।

# पाकिस्तानमा कोरोनाबाट ४५ जनाको मृत्यु



**इस्लामावाद, एजेन्सी-** पाकिस्तानमा कोरोनाभाइरसबाट संक्रमितहरुको संख्या झण्डै २ हजार ९ सय पुगेको छ। देशका स्वास्थ्य अधिकारीहरुले दिएको पछिल्लो विवरण अनुसार आइतबारसम्ममा मृत्यु हुनेको संख्या ४५ पुगेको छ। अधिकारीहरुले शनिबारसम्म देशभरीमा संक्रमितको संख्या दुई हजार ७०८ पुगेको र संक्रमित भएका मध्ये १३ जनाको अवस्था गम्भीर रहेको बताएका थिए। आइतबार भने संक्रमित अवस्थामा रहेका मध्ये १८ जनाको अवस्था गम्भीर रहेको र १७० जना निको भएर घर फर्किएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। पाकिस्तानको स्वास्थ्य मन्त्रालयले सवैभन्दा धेरै संक्रमितहरु पन्जाव प्रान्तमा रहेको पनि जनाएको छ। पन्जावमा एक हजार १६३ जना संक्रमित भएका छन्।

त्यसैगरी दोस्रो धेरै संक्रमित सिन्ध प्रान्तमा रहेका छन्, जहाँ ८६४ जना संक्रमित भएका छन्।

मन्त्रालयका अनुसार खैबर पख्तुन्ख्वामा ३७२ जना, गिल्गिट बाल्तीस्तानमा २०६ जना, बलुचिस्तानमा १८५ जना, केन्द्रीय राजधानी रहेको इस्लामावाद प्रान्तमा ७८ जना र पाकिस्तान नियन्त्रित काश्मिरमा १२ जना संक्रमित रहेका छन्।

विश्वभरी २०० भन्दा बढी देशमा फैलिएको कोरोना भाइरसको संक्रमणका कारण आइतबारसम्म १२ लाखभन्द बढी बिरामी भएका छन् भने ६४ हजारभन्दा बढीको मृत्यु भएको छ।

# युएईद्वारा नयाँ आर्थिक प्याकेजको घोषणा



**अबु धाबी, एजेन्सी-**युनाईटेड अरब इमिरेट्सको केन्द्रीय बैंकले कोरोनाभाइरस महामारीका कारण अर्थतन्त्रमा परेको असर कम गर्न ७० अर्ब डलरको आर्थिक प्याकेजको घोषणा गरेको छ। तेलको धनी राष्ट्र युएईको केन्द्रीय बैंकले गत महिना ३५ अर्ब डलरको आर्थिक प्याकेज घोषणा गरेको थियो। बैंकले अघि सारेको पछिल्लो प्याकेजमा खासगरी बैंकहरुले सामना गर्नु परेका वित्तीय र तरलता अभावलाई सम्बोधन गरिएको छ। नयाँ कदममा डिमान्ड डिपोजिटमा यसअघि बैंकहरुले राख्नुपर्ने सुरक्षणलाई १५ प्रतिशतबाट ७ प्रतिशतमा झारिएको छ जसबाट ग्राहकले बाँकी रकम बैंकबाट झिक्न पाउने छन्। यसबाट बैंकहरुसँग करिब १७ अर्ब डलर तरलता उपलब्ध हुनेछ।

युएईमा हालसम्म एक हजार ५०५ जना कोरोनाभाइरसबाट संक्रमित व्यक्ति छन् भने १० जनाको मृत्यु भएको छ। युएईमा हाल यात्रामा प्रतिबन्ध लगाउनुका साथै सपिङ मल र मनोरञ्जनका स्थलहरु बन्द गरिएका छन्। गत शनिबार रातिदेखि नै दुबईमा दुई साता लामो लकडाउन घोषणा गरिएको छ। सरकारले दुबईमा व्यापक स्वास्थ्य परीक्षण अभियान चलाउने निर्णय पनि गरेको छ।

# श्रीलंकाका जेलबाट झण्डै तीन हजार रिहा

कोलम्बो, एजेन्सी-कारागारमा रहेका झण्डै तीन हजार जनालाई श्रीलंका सरकारले रिहा गरिदिएको छ। अत्यधिक भिड रहेका र कोरोनाभाइरसको संक्रमण फैलिन सक्ने खतरा देखेर उनीहरुलाई रिहा गरिएको अधिकारीहरुले जनाएका छन्।

कोरोनाभाइरसको संक्रमण फैलिन नदिन भन्दै श्रीलंकामा गत मार्च २० तारिखदेखि देशव्यापी कर्फ्यू लगाइएको छ। श्रीलंकामा अहिलेसम्म कोरोना भाइरसबाट १६६ जना संक्रमित भएका छन् भने अरु पाँच जनाको मृत्यु भइसकेको छ।

राष्ट्रपति कार्यालयद्वारा जारी वक्तव्यका अनुसार गत मार्च १७ देखि अहिलेसम्म जेलमुक्त हुनेमा दुई हजार ९६१ जना रहेका छन्। श्रीलंकाका अधिकांश कारागारमा वास्तविक क्षमताभन्दा बढी कैदीबन्दी राख्ने गरिएकाले रिहा गरेर कटौती गरिएको अधिकारीहरुले जनाएका छन्।

जस्तो सीप उस्तै रोजगार
मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर
OXFORD International
नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्स: ५५५५५९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस।
Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

लकडाउन

# इन्धन र निर्माण सामग्री आयातमा समस्या

**रमेश लम्साल/रासस**
काठमाडौं, २३ चैत

चैत सरकारले केही ठूला विकास निर्माणका आयोजनालाई काम अगाडि बढाउन मार्ग प्रशस्त गरेपनि निर्माण सामग्री, इन्धन ढुवानीलगायत कारणले जटिलता उत्पन्न भएको पाइएको छ । उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पाखरेल नेतृत्वको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको यही २० गते बसेको बैठकले केही ठूला आयोजनाको काम जारी राख्न सक्ने निर्णय गरेको थियो ।

निर्माणाधिन आयोजनाले काम जारी राख्ने प्रयत्न गरेपनि निर्माण सामग्री, मजदुरलाई मानसिक रूपमा तयार नपार्दासम्म काम गर्न अझै समस्या रहेको जनाएका छन् । राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाले निर्माण जारी राख्न हरसम्भव प्रयास गरिरहेको छ । लकडाउनको समयमा काम गर्न अप्ठ्यारो भएपनि आफूहरूले निर्माण जारी नै राखेपनि केही अत्यावश्यक सामग्रीको आयातसमेत सहज नहुँदा जटिलता पैदा भएको आयोजनाले जनाएको छ ।

आयोजनाका प्रवक्ता डा गणेश न्यौपानेका अनुसार काम जारी राख्न हरसम्भव प्रयास भइरहेको छ, तर निर्माण सामग्रीको आयातमा देखिएको असहजताका कारण केही समस्या देखिएको छ । कूल ४५६ मेगावाट क्षमताको सो आयोजनाको कूल भौतिक प्रगति ९९ दशमलव ४ प्रतिशत पुगेको छ । कोरोना सङ्क्रमणको त्रास पछि पछिल्ला केही दिनमा आयोजनाको काममा समस्या पैदा भएको छ ।

सरकारले अत्यावश्यक वस्तु उत्पादन गर्ने उद्योग र विभिन्न क्षेत्रमा सञ्चालित आयोजनालाई तोकिएको स्वास्थ्य मापदण्ड पूरा गरी सञ्चालन गर्न दिने निर्णय गरेको थियो । यस्तै अन्य उद्योगले पनि आफ्नै आवासीय मजदूर परिचालन गरेर सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको थियो । समितिको बैठकले तामाकोशी जलविद्युत् आयोजना, मेलम्ची खानेपानीलगायत आयोजनाका मजदूर धेरै रहेकाले सुरक्षाका सबै उपाय अपनाएर बाहिरबाट प्रवेश गर्न नदिई भित्रकै कामदारलाई परिचालन गरी सञ्चालन गर्न दिने चैत २० गतेको निर्णयमा समावेश थियो ।

सोही निर्णयका आधारमा माथिल्लो तामाकोशीको काम जारी भएपनि अपेक्षाअनुसार काम गर्न भने लकडाउनका



कारण समस्या देखिएको छ । आयोजनाको बाँध तथा बालुवा थिग्र्याउने पोखरीको यही चैत ३ गतेदेखि परीक्षण गरिएको थियो । परीक्षण सफल भएको छ । त्यसको समग्र पक्षको मूल्याङ्कन भने जारी नै छ । स्वदेशी लगानीमा निर्धाणाधीन आयोजनाको प्रमुख काम करिब सम्पन्न हुने चरणमा पुगेको भएपनि कोरोना कहरमा परेको छ । आयोजनाको जटिल मानिएको दुई वटा ठाडो सुरुङमा पाइप जडान गर्ने काममा भने अपेक्षित प्रगति नभएको हो । तर, कूल ६८३ मिटर लामो दुई वटा ठाडो सुरुङमध्ये कोरोना कहर देखिनु अघिसम्म कूल ४६३ मिटर पाइप जडान भइसकेको प्रवक्ता न्यौपानेको भनाइ छ । उनका अनुसार कूल ३१० मिटर लामो माथिल्लो ठाडो सुरुङमा १७५ मिटर पाइप जडान भएको छ । त्यसमा अब १३५ मिटर पाइप जडान गर्न बाँकी छ । यस्तै कूल ३७३ मिटर लामो तल्लो ठाडो सुरुङमध्ये कूल २९० मिटरमा पाइप जडान भएको छ । सो सुरुङमा अब ८३ मिटर पाइप जडान गर्न बाँकी रहेको छ । समग्रमा हेर्दा दुवै सुरुङको २२० मिटर पाइप जडान कार्य बाँकी छ ।

निर्माण व्यवसायी र कामदारलाई विश्वासमा लिएर पाइप जडानको कार्य जारी राख्ने प्रयासमा आयोजना रहेको छ । आयोजनाको केही सामान नेपाल भारत सीमा क्षेत्रमा आइपुगेको भएपनि लकडाउनका कारण आयोजना स्थलमा पुऱ्याउन समस्या पैदा भएको छ । "बाटो सहज नभएका कारण ती सामान आयातमा जटिला देखिएको छ । कुनै उपाय लगाएर भएपनि सामान ल्याउने प्रयत्न भने जारी छ", प्रवक्ता न्यौपानेले भने । आगामी असारभित्र आयोजनाको पहिलो युनिट सञ्चालन गर्ने लक्ष्यका साथ काम भइरहेको छ । मुख्य सुरुङमा अन्तिम चरणको ढलान सम्पन्न हुनै लागेको छ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आगामी वैशाखभित्र ठाडो सुरुङमा पाइप जडानको कार्य सम्पन्न गर्न गत फागुन १४ गते आयोजनास्थल पुगेर निर्देशन दिएका थिए । कोरोनाको त्रासका कारण सो समयभित्र काम सम्पन्न हुने वा नहुने भन्नेमा भने आयोजनाले तत्कालै केही भन्ने अवस्था छैन । आगामी असारभित्र सबै बाँकी काम पूरा गरेर पहिलो युनिट सञ्चालन गर्ने तयारी गरिएको छ । पहिलो युनिट सञ्चालनमा आएपछि क्रमशः अन्य युनिट पनि राष्ट्रिय प्रणालीमा जडान गर्दै जाने लक्ष्य राखिएको छ ।

आयोजनाका अनुसार माथिल्लो र तल्लो ठाडो सुरुङमा १० मिटरका दुई वटा पाइप जडान गर्न क्रमशः सात र पाँच दिनमा आइसकेकाले कुनै प्राविधिक समस्या नआएमा वैशाखभित्रमा पाइप जडान भइसक्ने आयोजनाले बताएको छ । त्यसपछि माथिल्लो र तल्लो ठाडो सुरुङको बीचमा रहेको तेस्रो भागमा पाइप जडान शुरु हुने र त्यसका लागि करिब साढे एक महिना लाग्ने छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक एवं माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेडका अध्यक्ष घिसिङले गत फागुन १४ गते निर्माणस्थलको निरीक्षण गरी आयोजनाका पदाधिकारी, परामर्शदाता, तीन वटै ठेकेदारसँग संयुक्तरूपमा निर्माण सम्पन्न हुने कार्यतालिका बारेमा छलफल गर्नुभएको थियो । ठेकेदार कम्पनीले आफ्नो तालिकाअनुसार काम गर्ने प्रतिबद्धता जनाएका छन् । कार्यकारी निर्देशक घिसिङले आगामी असारभित्र कम्तीमा पनि एउटा युनिटबाट विद्युत् उत्पादन गर्ने कार्यतालिका बनाई त्यसअनुसार व्यवस्थापनमा सुधार गरी कार्यसम्पादन गर्न निर्देशन दिएका थिए । पहिलो युनिटबाट कूल ७६ मेगावाट विद्युत् उत्पादन हुनेछ ।

निर्माण सम्पन्न हुने समय तालिकामा प्रधानमन्त्री केपी शर्मा ओली, ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनलगायतको गम्भीर चासो छ । विशेषगरी आयोजनाको लट-२ को ठेकेदारले पनि विगतमा भन्दा काममा केही सुधार गरेको छ । पेनस्टक पाइप आपूर्ति तथा जडानको ठेक्का पाएको भारतीय कम्पनी टेक्सम्याकोले काम गर्न ढिलाइ गरेपछि तल्लो ठाडो सुरुङमा पाइप जडानको जिम्मा इलेक्ट्रोमेकानिकलको ठेकदार अष्ट्रियन कम्पनी एन्ड्रिज हाइड्रोलाई दिइएको छ ।

अपर तामाकोशी हाइड्रोपावर लिमिटेड, टेक्सम्याको र एन्ड्रिजबीच २०७५ पुस २३ मा आयोजनालाई थप वित्तीय भार नपर्ने गरी यो काम गर्न त्रिपक्षीय सम्झौता भएको थियो । माथिल्लो ठाडो सुरुङमा पाइप जडान भने टेक्सम्याकोले नै गरिरहेको छ । कार्यकारी निर्देशक घिसिङले आयोजनास्थलबाटै भारतमा रहेका टेक्सम्याकोका प्रमुखलाई फोन गरी निर्माणमा ढिलाइ नगरिदिन आग्रह गरेका थिए । केही महिनाअघि ऊर्जा जलस्रोत तथा सिँचाइ सचिव दिनेशकुमार घिसिङ, कार्यकारी निर्देशक घिसिङ, माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेका प्रमुख कार्यकारी अधिकृत विज्ञानप्रसाद श्रेष्ठसहितको टोलीले कोलकातास्थित टेक्सम्याकोको मुख्यालय गई कम्पनीको उच्च व्यवस्थापनलाई भेटेर निर्माणमा तीव्रता दिन आग्रह गरेको थियो ।

आयोजनाको सिभिल कार्यअन्तर्गत मुख्य सुरुङमा ग्राउटिङ र कङ्क्रिटिङ गर्ने काम सम्पन्न हुने चरणमा छ । मुख्य सुरुङमा जाने प्रवेश सुरुङमा गेट राख्ने तयारी भइरहेको छ । विद्युत् गृहका सम्पूर्ण उपकरण जडान भई तयारी अवस्थामा छन् । प्रसारण लाइनको १२७ टावर निर्माण र ४७ किलोमिटर तार टाङ्ने कार्य सम्पन्न भएको छ । रामेछापको खिम्तीमा निर्माण भइरहेको न्यू खिम्ती २२० केभी सबस्टेशनको सिभिलतर्फका काम अन्तिम चरणमा पुगेको छ । उपकरणहरू जडान गरी चार महिनाभित्रमा सबस्टेसन सञ्चालनमा ल्याउन लक्ष्यका साथ काम भइरहेको छ ।

कोरोना कहर

# दानाको अभाव, दूध उत्पादन घट्यो

**सुशीला रेग्मी/रासस**
काठमाडौं, २३ चैत



माथागढी गाउँपालिका-२ रूपसेका अगुवा कृषक कृष्ण भट्टराईले दैनिक कम्तीमा एक सय लिटर दूध उत्पादन गर्थे । दूध बिक्रीबाट राम्रो आम्दानी गर्ने उनलाई अहिले भने दानाको अभावले अप्ठेरोमा पारेको छ । उनले गाईको दाना नपाएको धेरै दिन भयो । घाँसपातले मात्र नपुग्ने भएपछि दूध उत्पादन घटेको छ । त्यसैले भट्टराइ यतिखेर चिन्तामा छन् ।

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को नेपालमा सम्भावित सङ्क्रमण रोक्न सरकारले देशैभर लकडाउनको घोषणा गरेपछि यतिखेर शहरबजार मात्र होइन ग्रामीण क्षेत्रका किसान पनि नराम्ररी प्रभावित भएका छन् । कतै दूधले बजार नपाउँदा सडकमा दूध पोखेका त कतै अन्य कृषिजन्य उत्पादनले बजार नपाएका समाचार आइरहेका छन् । पाल्पाका किसानको समस्या पनि यस्तै छ । यहाँका धेरै किसानलाई अहिले पशुलाई दाना नपाइने समस्याले सताएको छ ।

लकडाउनसँगै गाईभैँसीलाई आवश्यक पर्ने पराल तथा दाना आपूर्ति हुन नसक्दा अब के खुवाउने भन्ने चिन्ता एकातिर छ भने अर्कातर्फ आवश्यकताअनुसारको दाना खुवाउन नपाएकोले दूध उत्पादन पनि ह्वात्तै घटेको छ । "सरकारले एक्कासी लकडाउनको घोषणा गरेपछि दानाको बन्दोबस्त गर्नै पाइएन, गाईलपाई दाना जति खुवाउन सक्यो उति धेरै दूध आउने हो, अहिले त दाना खुवाउनै नपाउँदा दिनदिनै दूध घट्दै गएको छ ।" उनले दुःखेसो गरे ।

भट्टराईले बजारमा दैनिक एक सय लिटर दूध बिक्री गर्दै आइरहेकोमा लकडाउनपछि हाल ७० देखि ७५ लिटर मात्र दूध उत्पादन हुने गरेको बताउछन् । दानाको अभाव भएपछि भकारीमा राखेको धान झिकेर कुटेको र गाईलाई चामलको पीठो खुवाउनु परेको उनले सुनाए । "गाईलाई खुवाउने दाना जति सबै सकियो, लकडाउनको समय अझै थपिँदै गएको छ, गाडी चलेका छैनन्, ल्याउने अन्य माध्यम पनि छैन," उनले थपे, "गाईले दूध घटाउँदै जान थालेपछि अहिले दानाको विकल्पमा चामल तथा पीठो खुवाउने गरेको छु ।"

लकडाउनका कारण कृषक समस्यामा परेको बताउँदै उनले सरकारले दानापानी कृषकको घरदैलोसम्म लैजाने व्यवस्था गरिदिन सरकारसँग आग्रह पनि गरे। आँफुले सात वर्ष अघिदेखि गाई पाल्न थालेको बताउने उनको यस्तो समस्या पहिलोपटक भोगेको अनुभव छ ।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)

जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Covid-19) का मुख्य लक्षणहरु

ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

नियमित रूपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह Madhyanha National Daily राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

# शिवम सिमेन्टले बाँड्यो राहत



**काठमाडौं/मस-** शिवम् सिमेन्ट्सले ग्रामीण क्षेत्रका विपन्न परिवारमा खाद्यान्न वितरण र क्वारेन्टाइनका लागि १० वटा आइसोलेसन बेड बनाउन आर्थिक सहयोग गरेको छ । कम्पनीले आफ्नो सामाजिक उत्तरदायित्व अन्तरगत मकवानपुरस्थित उद्योग परिसर वरपर रहेका हेटौंडा उप-महानगरपालिकाका ६, १६ र १७ नम्बर वडामा स्थानीय जनप्रतिनिधिसँगको समन्वयमा ३ सय ८० घर परिवारलाई खाद्यान्न वितरण गरेको कम्पनीले जनाएको छ ।

यसका साथै कम्पनीले मकवानपुर गढी गाउँपालिकामा १० बेडको क्वारेन्टाइन बनाउनसमेत आर्थिक सहयोग उपलब्ध गराएको कम्पनीले जारी गरेको प्रेस विज्ञप्तिमा छ । दैनिक ज्यालादारी गरी गुजारा गर्ने तल्लो तहका नागरिक र तिनका परिवार लकडाउनबाट सबैभन्दा पीडित हुने र दैनिक हात(मुख जोर्न नै कठिन हुने अवस्था सिर्जना भएकाले यस क्षेत्रका परिवारको दैनिकी सहज भन्नका लागि खाद्यान्न वितरण गरिएको उद्योगका प्रमुख नवलकिशोर चौधरीले बताए।

लक डाउनबाट दैनिक ज्यालादारी गरी गुजारा गर्ने तल्लो तहका नागरिक र तिनका परिवार सबै भन्दा पिडित हुने र दैनिक हातमुख जोर्न नै कठिन हुने अवस्था सिर्जना भएकोले यस क्षेत्रका उक्त परिवारहरुको दैनिकी सहज होस् भनि खाद्यान्न वितरण गरिएको तथा आगामी दिनहरुमा समेत स्थानिय तहसंगको सहकार्यमा सहयोगको कार्यलाई निरन्तरता दिने उद्योग प्रमुख नवल किशोर चौधरीले बनाए ।

कोरोना (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

मध्यान्ह राष्ट्रिय दैनिकको
अनलाइन संस्करण : तीव्र गतिका साथ नयाँ साज-सज्जामा
www.madhyanhadaily.com

मध्यान्ह राष्ट्रिय दैनिकको
facebook Page
Madhyanha News

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ